# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhimun.gov.np


चलानी नं. :
पत्र संख्या :

## कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन कृषि समूह/कृषि वा वहुउद्देश्यीय सहकारी संस्थाहरुलाई सूची दर्ताको लागी सूचना।

सूचना नं.०५/०८३/०८४

प्रथम पटक प्रकाशित मिति २०८३/०४/०५

माथागढी गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छीजन्य उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०७९ (प्रथम संशोधन २०८०) बमोजिम यस कार्यक्रमको लागि माथागढी गाउँपालिकामा सूचीकृत भएका कृषि समूह/कृषि वा वहुउद्देश्यीय सहकारी संस्थाहरुलाई मात्र कृषि उत्पादनमा प्रोत्साहन अनुदान प्रदान गरिने भएकोले उक्त कार्यक्रम अन्तर्गत आ.व.०८३/०८४ मा माथागढी गाउँपालिका भित्र उत्पादित कृषि तथा पशुजन्य उपज किसानहरुबाट खरिद गरी बिक्रि गर्नको लागि इच्छुक कृषक समूह/कृषि वा वहुउद्देश्यीय सहकारी संस्थाहरुलाई सूचीकृत हुन आवेदनका लागि यो सूचना प्रकाशन गरिएको छ। इच्छुक कृषक समूह/कृषि वा वहुउद्देश्यीय सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १० दिन (२०८३/०४/१४ गते) भित्र यस माथागढी गाउँपालिकाको कृषि/पशु सेवा शाखामा तपसिल बमोजिमको कागजातहरु सहित आवेदन पेश गर्नुहुन अनुरोध छ। विस्तृत जानकारीको लागि माथागढी गाउँपालिकाको कृषि/पशु सेवा शाखामा सम्पर्क राख्नहुन अनुरोध गरिन्छ।

सम्पर्क नं. ९८५७०७९११२ (कृषि शाखा), ९८५७०७९११७ (पशुपन्छी सेवा शाखा)

तपसिल

- निवेदन
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
- प्यान दर्ता तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- कृषि समूह/सहकारीको कार्यक्रम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि
- वडा कार्यालयको सिफारिस

अनुदान रकम तथा मापदण्ड विवरण

| क्र.स. | कृषि/पशुजन्य उत्पादन | न्युनतम उत्पादन के.जी./लिटर | अनुदान रकम |
|---|---|---|---|
| १ | दुध | ९० लि./मासिक | रू.५/लि. |
| २ | मासु | बंगुर/राँगा-५०० के.जी. वार्षिक<br>बाखा/लोकल कुखुरा-१००के.जी./वार्षिक | बंगुर/राँगा रु.१५/के.जी.<br>बाखा/लोकल कुखुरा- रु.२५/केजी |
| ३ | तरकारी/मसला वाली/फलफूल | ३०० के.जी./वार्षिक | रु.५/के.जी. |
| ४ | मह | ५० के.जी./वार्षिक | रु.५०/के.जी. |

२०८३/०४/०५

नित्यानन्द खनाल
वरिष्ठ प्रशासकीय अधिकृत